# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

## पोषण सम्वन्धी आयमूलक कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०७९/०६/०९)

उपर्युक्त विषयमा महिला, बालबालिका र किशोर,किशोरीहरूमा विद्यमान रहेको कुपोषणलाई दीगो विकासको लक्ष्य अनुरुप कुपोषणको समस्यालाई समाधान गर्न र यसका विभिन्न कारकतत्वहरूलाई बहुक्षेत्रिय पोषणको अवधारणा अनुसार निराकरण गर्न विपन्न अवस्थाका मातृ शिशुहरूको पोषण अवस्थामा सुधार ल्याउन विपन्न महिला सहकारी वा समूहलाई आयआर्जनका लागि अनुदान प्रदान गर्ने उद्देश्य अनुरुप **"महिला सहकारी वा समुहमा बहुक्षेत्रीय पोषण सम्वन्धी आयमुलक कार्यक्रम सञ्चालन कार्यविधी २०७७"** बमोजिम आयमुलक कार्यक्रम सञ्चालन गर्न इच्छुक महिला सहकारी वा समूहले अनुदानका लागि आवश्यक कागजात सहित यो सुचना प्रकाशित मितिले १५ दिन अर्थात २०७९ असोज २४ गतेभित्र यस कार्यालय अन्तरगत महिला तथा बालबालिका शाखामा प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१.महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्वन्धित स्थानीय तहमा कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तहमा दर्ता भएको,

२. संस्था दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि ,

३. आर्थिक वर्ष २०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ,

४. सहकारीको हकमा Copomis सञ्चालन गरेको प्रमाण पत्रको प्रतिलिपि ,

५.कार्यविधिको दफा ५ को उपदफा २ बजोजिम अनुसुची १ अनुसारको प्रस्ताव ,

६. कार्यविधिको दफा ११ बजोजिम अनुसूची ४ अनुसारको व्यवसायिक योजना,

७. बैठकको निर्णय र प्रतिबद्धता,

८.साधारण सभा सम्पन्न भएको निर्णयको प्रतिलिपि।

**थप जानकारीको लागि ९८६१६७५९३२ मा सम्पर्क गर्न सकिनेछ।**

२०७९/६/९

.........................

शेरप्रसाद ढकाल

नि.प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत